यस सभाका प्रमुख अतिथिज्यू
विशिष्ठ अतिथिज्यूहरू
अतिथिज्यूहरू
पत्रकारज्यू, भद्र महिला एवं सज्जनवृन्द

सर्वप्रथमत हाम्रो निमन्त्रणालाई स्वीकार गरि पाल्नु भएकोमा यहांहरू सबैमा धन्यवाद दिन चाहन्छु ।

नेपाल नेत्रज्योति संघ दाङको स्थापना २०४१ सालमा तदर्थ समितिको रूपमा रहेर आंखाको सेवा जनता माझ गर्दै आए पनि विधिवत रूपमा २०५० सालमा नेपाल नेत्रज्योति संघको विधान बमोजिम निर्वाचन सम्पन्न भए पश्चात आजसम्म यस सघले नेपालमा दृष्टिविहिन निवारणका लागि आन्तरिक एवं वाह्य सहयोगको माध्यमबाट आंखाको क्षेत्रमा अहोरात्र खटी उपचारात्मक सेवा गर्दै आएको छ ।

आज भन्दा करिव तीन दशक अघि नर्वेजियन सरकार र त्याहांका स्थानीय संस्था(एन.सि.ए.) को आर्थिक तथा नेपाल सरकार बाट नि:शुल्क जग्गा सहयोगमा दाङ जिल्लाको तुलसीपुरको रक्षाचौरमा अञ्चल स्तरीय आंखा अस्पतालको स्थापना भई हाल सम्म करिव २२ लाख ८३ हजार ९२७ आंखाका विरामीहरूको उपचार सेवा प्रदान गरिसकेको र १ लाख ५४ हजार भन्दा बढी मोतिविन्दुको शल्यक्रिया गरि नयां दृष्टि पुनर्स्थापन गरिसकेको जानकारी निवेदन गर्न चाहन्छु । उक्त विरामीहरू मध्ये बाट करिव ३ लाख ५० हजार विरामीहरूलाई नि:शुल्क आंखा जांच सेवा र करिव ३३ हजार जनाको नि:शुल्क मोतिविन्दुको शल्यक्रिया गरेको समेत जानकारी गराउन चाहन्छु ।

यस अस्पतालको शुरूवात हुन भन्दा पूर्व अथार्त सन् १९८०/८१ को पहिलो दृष्टिविहिन सर्वेक्षणले राप्ती अञ्चलमा दृष्टिविहिनताको समस्या ०.८७ प्रतिशत देखाएको थियो भने करिव तीन दशक पश्चात अर्थात सन् २०१० मा भएको दास्रो दृष्टिविहिन सर्वेक्षण (RAAB Survey) को तथ्याङक्ले यो संख्या घटेर राप्ती अञ्चलमा दृष्टिविहिनताको समस्या ०.१३ प्रतिशतमा झरेको समेत जानकारी गराउन चाहन्छु ।

अस्पतालको सिमित जनशक्ति, सिमित भौतिक तथा आर्थिक श्रोतको बावजुद पनि नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य निति अन्तर्गत दृष्टिविहिन न्यूनकरण गर्नमा नेपाल नेत्रज्योति संघ, दाङ शाखाले महत्वपुर्ण उपलब्धि हासिल गरेको छ । यो सबै नेपाल नेत्रज्योति संघ र अस्पतालको एक्लो प्रयासबाट मात्र नभएर यस अस्पताल संग प्रत्यक्ष तथा अप्रत्यक्ष सरोकार राख्ने स्थानीय निकाय, सरकारी तथा गैर सरकारी संघ संस्था, समाजसेवी, बुद्धिजिवि तथा राजनितिक व्यक्तित्वहरूको सहयोग र प्रयासबाट हासिल भएको उपलब्धि हो । साथै स्थापनाकाल देखि हाल सम्म सहयोग पुऱ्याउनुहुने दातृ निकाय श्री एन.सी.ए र श्री एन.ए.वि.पि, नर्वेको सहयोग लाई विशेष धन्यवाद दिन चाहन्छु ।

नेपाल नेत्रज्योति संघ, राप्ती आंखा अस्पतालको दिर्घकालिन रणनीति मुताविक थप दुई आंखा अस्पतालहरूको स्थापना गर्ने र उक्त अस्पतालहरूलाई नियमन (Govern) गर्नको लागि आंखा स्वास्थ्य कार्यक्रमको अवधारणलाई मुर्तरूप दिई यस कार्यक्रम अन्तर्गत तिनवटा आंखा अस्पतालहरूको सेवालाई विस्तार गर्ने र तत्कालिन राप्ती अञ्चलको पांचवटै जिल्लाहरूमा दातृ निकायको सहयोग पश्चात पनि

आंखा स्वास्थ्य सेवाको दिगोपन विकासको लागि दिर्घकालिन रणनीति अनुसार हाल आंखा स्वास्थ्य कार्यक्रम- राप्ती तथा बहादुरगंज अन्तगर्त तिनवटा आंखा अस्पतालहरू राप्ती आंखा अस्पताल, छन्द(कालेबाबु)-नारायणी आंखा अस्पताल, बहादुरगंज तथा लमही आंखा अस्पतालको स्थापना भई सुसंचालन भईरहेको छ । साथै यस कार्यक्रम अन्तर्गत चार वटा आंखा उपचार केन्द्रहरू, एक रिफरल सेन्टर र एक साप्ताहिक क्लिनिक संचालन रहेका छन ।

समय सापेक्ष अस्पतालको भौतिक पुर्वाधारहरू, उपकरण तथा औजारहरूलाई व्यवस्थित पार्दै लैजाने दिर्घकालिन रणनीति अनुरूप लमहीमा लमही आंखा अस्पतालको भवन निमार्ण कार्य पुरा गरी विशेषज्ञ सेवा सहित आंखा उपचार सेवा प्रारम्भ भई सकेको र यस अस्पतालले मात्र गत् वर्ष २०१७ मा ३६ हजार भन्दा बढीलाई आंखा उपचारको सेवा पुऱ्याएको र करिव १ हजार ३०० जनाको मोतिविन्दुको अप्रेशन गरेको छ । साथै गत् वर्ष २०१७ मा मात्र ७५ हजार भन्दा बढी विरामीहरूलाई उपचार सेवा पुऱ्याएको र ९ हजार ८ सय भन्दा बढीको मोतिविन्दुको अप्रेशन गरेको छन्द(कालेबाबु) नारायणी आंखा अस्पताल, बहादुरगंजको वार्ड भवनको निमार्ण कार्य अन्तिम चरणमा पुगेको छ ।

साथै तीन वटै आंखा अस्पतालहरूमा अत्याधुनिध प्रविधि (Phaco) बाट अप्रेशन, मोतिविन्दुको शल्यक्रिया पछी पलाउने जालोको उपचार (Yag Lazer) सेवा, Oculoplasty Service (Cosmetic surgery) सेवा, आंखाको अल्ट्रासाउन्ड (B-Scan) सेवा, आंखाको दृष्टि नशाको जांच (VFA) सेवा, आंखाको दृष्टि पर्दामा भएको समस्याको जागि (Green Laser) सेवा, आंखाको Pressure जांच गर्ने अत्याधुनिक प्रविधि (Non Contact Tonometer) सेवा, लमही आंखा अस्पताल तथा राप्ती आंखा अस्पतालमा कानको सेवा र गत् वर्ष देखि अफथाल्मि साईन्स नेत्र सहायक तालिम संचालन रहेको जानकारी गराउन चाहन्छु ।

जनशक्तिको विकास तथा तालिमको सम्बन्धमा अस्पतालले MD Ophthalmology, Hospital management training, Ophthalmic Assistant Training, Eye Health Worker Training, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको सेमिनार वर्कशपहरूमा सहभागि गराई आंखा स्वास्थ्य कार्यक्रमको सम्र्ग विकासमा महत्वपुण उपलब्धिहरू प्राप्त गरेको छ ।

उपरोक्त दिर्घकालिन योजनाहरू मध्ये आज तिनवटै आंखा अस्पतालहरूमा फ्याको प्रविधिबाट शल्यक्रिया हुने गरेको छ भने, अकुलोप्लाष्टिको विशेषज्ञ सेवा उपबब्ध रहेको निवेदन गराउन चाहन्छु ।

आंखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगंजले अस्पतालमा नियमित आंखा जांच तथा शल्यक्रिया बाहेक विभिन्न वाह्य कार्यक्रमहरू जस्तै नि:शुल्क आंखा शिविर, विद्यालय आंखा स्वास्थ्य शिक्षा, नि:शुल्क आंखा जांच, विद्यालयमा नि:शुल्क चश्मा वितरण, असहायहरूको लागि नि:शुल्क प्रेसबायोपिया चश्मा वितरण र उपचार सेवा, स्वास्थ्यकर्मी तथा स्वयंसेवकहरूलाई आधारभुत आंखा स्वास्थ्य तालिम कार्यक्रम संचालन गर्दै आई रहेको छ ।

उपरोक्त दिर्घ तथा अल्पकालिन कार्यक्रमहरू सम्पन्न गर्न गराउनमा दिर्घकालिनरूपमा नेपाल सरकार र स्थानीय निकायहरूको सहयोग क्रमिक तथा निरन्तर रूपमा बढाउदै सहयोग उपलब्ध हुन आवश्यक रहेको ठानेको छु ।

नेपालको संघिय संरचना बमोजिम नेपाल नेत्रज्योति संघ अन्तर्गतको आंखा अस्ताल तथा उपचार केन्द्रहरू प्रदेश नं. ५ मा ७ वटा आखां अस्पताल, ११ वटा आंखा उपचार केन्द्रहरू रहेको छ र प्रदेश नं. ६ मा उपचार केन्द्र ७ र आंखा अस्प्ताल नभएको अवश्था छ साथै प्रदेश नं. ७ मा २ वटा आंखा अस्पताल र ११ वटा आंखा उपचार केन्द्रहरू रहेको छ । अव आंखा उपचारको सेवालाई समानरूपमा अगाढी बढाउन आवश्यक देखिएको छ र प्रदेश नं. ६ मा नेपाल नेत्रज्योति संघले आंखा अस्पतालको स्थापन गरी सेवालाई विस्तार गर्न आवश्यक देखिएको छ ।

उक्त क्षेत्रमा रहेका सम्पुर्ण दाजुभाई, आमा बुवा एवं स्वदेशी तथा विदेशी सबैलाई आंखाको सेवा प्रदान गरी उक्त क्षेत्रमा दृष्टिविहिन्ता निवारण गर्न गराउनमा मद्धत पुगोस भन्ने प्रवल ईच्छा भएकै कारण अव हामी सबै मिली हाते मालो गर्दै दुरदराज एवं जन जनमा आंखाको सेवा प्रदान गरी अन्धकार बाट उज्यालो तिर लग्न प्रेरित गर्न गराउन नेपाल नेत्रज्योति संघ, दाङ एवं यस क्षेत्रका सबै समाजसेवी एवं प्राविधिक कम्मर कसेर लाग्ने कुरा प्रतिवद्धता व्यक्त गर्दै यस कार्यक्रममा नेपाल सरकार, स्थानीय सरकार, उद्योगपति, नागरिक समाज सबै तहका जनप्रतिनिधिज्यूहरूमा हार्दिक अनुरोध गर्दछु साथै हाम्रो आमन्त्रणालाई मनन् गरेर पाल्नु हुने सबै महानुभावहरू प्रति आभर एवं कृतज्ञता ज्ञापन गर्दछु र मेरो भनाई अन्त गर्ने अनुमति चाहन्छु । धन्यवाद जय नेत्रज्योति संघ ।

कृष्ण कुमार गिरी
संयोजक
मध्यपश्चिम
नेपाल नेत्रज्योति संघ